नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

# Virtual Currency/Cryptocurrency, Network Marketing तथा Hyper Fund कारोबार गैरकानूनी रहेको सम्बन्धी सूचना

यस बैंकले Bitcoin कारोबार, Cryptocurrency कारोबार र Virtual Currency/Cryptocurrency तथा Network Marketing अन्तर्गतको कारोबार/व्यवसाय गैरकानूनी रहेको बारे क्रमशः मिति २०७४/०४/२९, २०७८/०५/२४ र २०७८/१०/०९ मा सार्वजनिक सूचनाहरु प्रकाशन गरेको पुनः अवगत गराइएको छ ।

नेपालमा विदेशी विनिमय वा मुद्राको रुपमा Virtual Currency/Cryptocurrency (Stablecoins समेत) ले कानुनी मान्यता नपाएको, नेपालमा कानूनी ग्राह्य (Legal Tender) नभएको, नेपाल सरकारको जमानत प्राप्त नभएको र यस बैंकले निष्काशन नगरेको तथा कुनै पनि किसिमको सुरक्षण नभएको हुँदा Virtual Currency/Cryptocurrency (Stablecoins समेत) को कारोबार गैरकानूनी रहेको छ । Virtual Currency/Cryptocurrency (Stablecoins समेत), पिरामिडमा आधारित Network Marketing तथा Hyper Fund मा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा लगानी, ठगी तथा कर छली, लगानीको असुरक्षा, पुँजी पलायन, मूल्यमा अस्थिरता एवम् उतार-चढाव, सट्टेबाजी आदि सम्बन्धी जोखिमहरु अन्तरनिहित हुने विषय समेत स्मरण गराइएको छ ।

अतः नेपालभित्र बसोबास गर्ने नागरिक/ फर्म/ कम्पनी/ संस्था (विदेशी समेत) र नेपाल बाहिर बसोबास गर्ने सबै नेपाली नागरिक तथा नेपालमा दर्ता भई नेपाल बाहिर रहेका, फर्म, कम्पनी, संस्था तथा त्यस्ता कम्पनी वा संस्थाका शाखा कार्यालय तथा एजेन्सीहरुले कुनै पनि प्रकारका Virtual Currency/Cryptocurrency (Stablecoins समेत), पिरामिडमा आधारित Network Marketing तथा Hyper Fund कारोबार गरे/गराएको पाइएमा तथा सोको प्रयोग/ संलग्नता/ सदस्यता/ लगानी/ स्वामित्व ग्रहण/ स्थानान्तरण/ विप्रेषण/ विनिमय/ Mining सम्बन्धी कार्य गर्ने/गराएको पाइएमा प्रचलित कानूनबमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन गरिएको छ ।

*नेपाल राष्ट्र बैंकको वेबसाइट www.nrb.org.np मा प्रकाशन भएको मिति: २०७९/०४/३०*

३।०८ २०७९।०४।३०